# शुक्लाफाँटा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ५ संख्या: २ मिति: २०७८/०९/२४ गते

## भाग-२

## प्रारम्भिक वालविकास सहजकर्ताको पारिश्रमिक सम्बन्धि निर्देशिका, २०७८

**प्रस्तावना**

शुक्लाफाँटा नगरपालिका भित्र स्थापना हुने र स्थापना भइ सञ्चालन भइरहेका प्रारम्भिक वालविकास केन्द्रका शिक्षकहरुको कार्यसम्पादन, नेपाल सरकारले निर्धारण गरे बमोजिमको न्यूनतम पारिश्रमिकलाई व्यवस्थित गर्न र वालविकासका शिक्षकहरुको दरवन्दी मिलान तथा समायोज गर्न वान्छनिय देखिएकोले शुक्लाफाँटा नगरपालिकाले प्रशासकीय कार्य नियमित गर्न वनेको ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी शुक्लाफाँटा नगरपालिका नगरकार्यपालिकाले यो प्रारम्भिक बालबिकास शिक्षकको पारिश्रमिक सम्बन्धी निर्देशिका २०७८ बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो निर्देशिका नाम प्रारम्भिक वालविकास केन्द्रका शिक्षकको पारिश्रमिक सम्बन्धी निर्देशिका २०७८ रहेको छ ।

ख) यो निर्देशिका नगरपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको दिन देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) "कार्यापालिका" भन्नाले शुक्लाफाँटा नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

ख) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ (संशोधन सहित) लाई सम्झनु पर्छ ।

ग) "नियमावली" भन्नाले शिक्षा नियमावली,२०५९(संशोधन सहित) लाई सम्झनु पर्दछ ।

घ) "नगरपालिका" भन्नाले शुक्लाफाँटा नगरपालिकालाई सम्झनु पर्छ ।

ङ) "प्रारम्भिक वालविकास शिक्षा" भन्नाले चार वर्ष उमेर पुरा भई पाँच वष उमेर पुरा नगरेका बालबालिकालाई कक्षा एक मा अध्ययन गर्नु भन्दा अगाडी दिइने शिक्षालाई सम्झनु पर्दछ ।

च) “न्यूनतम पारिश्रमिक” भन्नाले नेपाल  सरकारले तोकेको न्यूनतम पारिश्रमिक १५,०००।लाई सम्झनु पर्दछ ।

छ) “वालविकास शिक्षक” भन्नाले प्रारम्भिक वालविकास कक्षामा अध्यापन गराउने शिक्षकलाई सम्झनुपर्दछ

## परिच्छेद २

## वालविकास शिक्षकको काम, कर्तव्य तथा पारिश्रमिक

**३.** वालविकास शिक्षकले दफा ४ बमोजमको कार्य सम्पादन गरेमा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकको लागि संघिय सरकारबाट प्रदान भएको रु ८,०००। मा नगरपालिकाले आवस्यक रकम थप गरी चाडपर्व खर्च सहित १३ महिनाको हुन आउने रकम  पारिश्रमिकको रुपाम भुक्तानी दिइनेछ ।

**४.** वालविकास शिक्षकले वार्षिक न्यूनतम १९२ दिन (३२ हप्ता) हप्ताको ६ दिन दैनिक ४ घण्टा ३० मिनेट अर्थात विद्यालय वा समुदायिक सेवा केन्द्रले तोके अनुसार अध्यापन गर्नुपर्नेछ ।

**५.** विद्यालयमा वा समुदायमा आधारित वालविकास केन्द्रका शिक्षकहरुले शिक्षा नियमावली २०५९ को दफा १३३ वमोजिमका आचारसंहिता अनिवार्य रुपमास पालन गर्नु पर्ने छ ।

**६.** विद्यालय प्रशासन तथा आधिकारिक निकायले काजमा खटाए वाहेक अनुमति विना कुनै पनि वालविकास शिक्षकले विदा भन्दा वढी अनुपस्थित

रहेमा नगरपालिकाले तलव कट्टी गर्न सक्नेछ तर सामुदायमा आधारित वालविकास केन्द्रको हकमा नजिकको विद्यालय (मातृ विद्यालय) प्रशासनलाई सो को जिम्मेवारी रहनेछ ।

७. शिक्षकको नियुक्ति पत्र पाई सके पछि नेपाल सरकारले तोके वमोजिमको शैक्षिक योग्यता लगायतका न्यूनतम आधारहरुको पूर्ण रुपमा पालन गरिने छ । यस अघि नियुक्ति पाई सकेकाको हकमा नियुक्ति पाएको योग्यताले आवश्यक निश्चित वर्ष सम्म तोकिएको योग्यता पुरा गर्नु पर्ने अन्यथा निजको नियुक्ति स्वतः वदर हुनेछ ।

## परिच्छेद ३

## पठनपाठन तथा विकासात्मक क्रियाकलापका लागि समय निर्धारण

**८. समय निर्धारणः** प्रारम्भिक बालविकासका बालबालिकाको लागि वार्षिक १९२ दिन (३२ हप्ता), हप्ताको ६ दिन र दिनको ४ घण्टा ३० मिनेट कक्षा सञ्चालन गर्नुपर्ने ।

**९. दैनिक कार्यतालिकाः**

| सि.न. | क्रियाकलाप | समय | क्रियाकलाप विस्तृतमा |
|---|---|---|---|
| १ | सुरुवात | १५ मि. | १.केन्द्रमा स्वागत ,खाजा र झोला तोकिएको ठाँउमा राख्ने<br>२.सरसफाइ अवलोकन र आवश्यकता अनुरुप सरसफाइ गरिदिने<br>३.शिष्टाचार ,प्रार्थना र ध्यान गर्ने |

| | | | |
|---|---|---|---|
| | | | गराउने । |
| २ | केन्द्र प्रवेश/सामाजिकरण | ३० मि. | १. हाजिरी<br>२. दिन बार मौसम तालिका मिलाउने र ती सम्वन्धमा गीत ,खेल खेलाउने वा शिष्टाचार गीत खेल खेलाउने<br>३. घेरा समय (साधारण छलफल,अनुभव आदानप्रदान)<br>४. शीर्षकगत गीत/कथा/कविता । |
| ३ | विषय प्रवेश/योजना वद्ध सामुहिक क्रियाकलाप | ६० मि. | १.शीर्षकगत विषयवस्तुमा छलफल ,अनुभव आदानप्रदान ,धारणा प्रस्टयायने ,क्रियाकलापका लागि निर्देशन<br>२. ससाना समुह बनाइ सिकाइ कुनाको क्रियाकलाप<br>३. क्रियाकलापको पुनवरालोकन र थप आवश्यक सहयोग र निर्देशन<br>४. सुत्ने वा बस्ने। |
| ४ | आराम | | १.स्वास्थ्य /नैतिक सन्देश |
| ५ | खाजा समय | ३० मि. | १. हात धुने र खाजा खान दिने<br>२. इच्छा अनुसार भित्र बाहिर स्वतन्त्र रुपले खेल खेल्न दिने |
| ६ | स्वतन्त्र खेल | ३० मि. | १.विषयसँग सम्वन्धित कुनै पनि |

| | | | |
|---|---|---|---|
| | | | गीत/अभिनय गर्न दिने/खेल खेल्न दिने |
| ७ | सङगीत /अभिनय/खेल | १५ मि | १. स-साना समुह बनाई सिकाइ कुनाको क्रियाकलाप<br>क्रियाकलापको पुनरावलोकन र थप आवश्यक सहयोग |
| ८ | योजनावद्ध क्रियाकलाप | १५ मि | १. दिनभरीका क्रियाकलापको समिक्षा /छलफल/पृष्ठपोषण |
| ९ | पुनरावलोकन | ६० मि. | १. अर्को दिनका लागि आवश्यक निर्देशन<br>२. विदाइ गीत<br>३. सरसामान यथास्थानमा राख्ने र अभिभावकले लिन आएमा घर पठाउने । |

## परिच्छेद ४

## विविध

**१०. बालबालिका संख्याः** प्रति सहजकर्ता बराबर २० बालबालिका पुर्याउन प्रयत्न गर्ने ।

**११. माथिल्लो कक्षामा अध्यापनः** शिक्षकको योग्यता र विद्यालयको आवस्यकताको आधारमा माथिल्लो कक्षामा अध्यापन गर्न लागाउन सकिनेछ ।

**१२. वालविकास शिक्षकको दरवन्दी मिलानः** वालविकास शिक्षकको दरवन्दी मिलान गर्दा सम्भव भएसम्म उच्चतम शैक्षिक योग्यता भएका वालविकास शिक्षकलाई माथिल्लो कक्षा संचालित विद्यालयमा सरुवा गरिनेछ । माथिल्लो कक्षा अध्यापन गरेको तथा थप जिम्मेवारी वापत कुनै पनि प्रकारको सेवा सुविधाको लागि दावी गर्न पाईने छैन ।

**१३. प्रमाणित हाजिर पेश गर्नु पर्नेः** निर्धारित समय वमोजिम काम गरेको प्रमाणित हाजिर प्रधानाध्यापकबाट प्रमाणित गरी पेश गरे पछी मात्र पारिश्रमिक भुक्तानी गरिनेछ तर सामुदायमा आधारित वालविकास केन्द्रको हकमा नजिकको विद्यालय ( मातृ विद्यालय) का प्रधानाध्यापकवाट प्रमाणित गराई पेश गर्नु पर्नेछ ।

**१४. यस निर्देशिका वमोजिम हुनेः** यस निर्देशिकामा उल्लेखित विषयवस्तु यसै वमोजिम र अन्य कुराहरु प्रचलित कानुन वमोजिम हुनेछन् ।

**१५. संशोधन र खारेजः** नगरकार्यपालिकाले यो कार्यविधिको संशोधन र खारेज गर्न सक्नेछ ।

**आज्ञाले,**
टिकेन्द्र राज भट्ट
प्रमुख प्रशासकीय अधिकृत